# भक्तपुर जिल्ला अदालत

## भक्तपुर

## सूचना ! सूचना !! सूचना !!!

**सुचना प्रकाशित मितिः २०७८।१०।२१**

हाल मुलुकमा कोभिड-१९ ओमिक्रोनको संक्रमण व्यापक रुपमा फैलिएको कारण यस अदालतबाट सम्पादन गरिने मुद्दा तथा निवेदनको सुनुवाई र अन्य सेवा प्रवाह यस अदालतको मिति २०७८।१०।७ को सूचना बमोजिम संकुचन गरिएकोमा हाल मुलुकमा कोभिड-१९ ओमिक्रोनको संक्रमण दर घट्दै गएको हुँदा यस अदालतबाट सम्पादन गरिने मुद्दा तथा निवेदनको सुनुवाई र अन्य सेवा प्रवाह केही रुपमा विस्तार गर्न सकिने परिस्थिति भएकोले यस भन्दा पूर्व प्रकाशित सूचनामा संकुचन गरिएका कामकारवाही बाहेक सुचारु गरिएका कामकारवाहीका अतिरक्त देहाय बमोजिमका सेवा प्रवाह र कामकारवाही समेत मिति २०७८।१०।२३ गते देखि सूचारु गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिएको छ।

<u>मिति २०७८।१०।२३ देखि सुचारु हुने सेवा प्रवाह</u>

क. एकतर्फि मात्र पक्ष भएका देवानी तथा फौज्दारी मुद्दाहरुको सुनुवाई गरिने।

ख. बालबालिका पक्ष भएका मुद्दा र थुनुवा मुद्दाको साक्षीहरुको बकपत्र गरिने।

ग. सम्पत्ति रोक्का राखी पाउँ भन्ने निवेदनहरुको सुनुवाई गरिने।

श्रेस्तेदार
भक्तपुर जिल्ला अदालत

भक्तपुर जिल्ला अदालत
भक्तपुर

श्रेस्तेदार
भक्तपुर जिल्ला अदालत

घ. हरेक मुद्दा फाँटले मुद्दाको प्रकृति, दर्ता मिति, कार्यबोझ, प्राथमिकता समेतलाई विचार गरी आगामी फागुन १ गते देखि लागू हुने गरी दैनिक बढीमा ४ थान मुद्दा पेशीमा चढाउने।

ङ. तहसिल तथा अभिलेख शाखाका निवेदनहरुको सुनुवाई गरिने।

च. कोभिड-१९को संक्रमणको जोखिम एवं प्रभावलाई मूल्याङ्कन गरी सरोकारवाला निकायहरुसंगको छलफल एवं परामर्शबाट यस अदालतबाट सम्पादन गरिने कामकारवाहीलाई आगामी दिनमा विस्तार तथा संकुचन गर्न सकिने।

- **सेवाग्राहीहरु अदालतमा उपस्थित हुँदा अनिवार्य रुपमा साथमा खोप कार्ड लिई आउनु हुन हार्दिक अनुरोध छ।**

श्रेस्तेदार
भक्तपुर जिल्ला अदालत